
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २६३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असोज २७ गते बिहीबार ❑ 13 Oct. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## गैरआवासीय नेपालीलाई नागरिकता दिन विलम्ब गर्नु हुँदैन : अध्यक्ष ओली

**रासस**
**काठमाडौं, २६ असोज**

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले गैरआवासीय नेपालीलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसहितको नागरिकता दिन विलम्ब गर्न नहुने बताउनुभएको छ।

"गैरआवासीय नेपालीलाई नागरिकता दिन विलम्ब हुन नहुने थियो", उहाँले भन्नुभयो, "यो विषयलाई निर्वाचनपछि समाधान गर्छौं, गैरआवासीय नेपालीलाई तुरुन्त नागरिकता उपलब्ध गराइनेछ।" गैरआवासीय नेपाली दिवस एवं गैरआवसीय नेपाली सङ्घको वार्षिक साधारणसभाको आज काठमाडौँमा समापन गर्दै उहाँले आफूले सरकारको नेतृत्व गरेको समयमा गैरआवासीय नेपालीलाई नागरिकता दिलाउन नागरिकता विधेयक अगाडि बढाउन खोजे पनि सत्ता साझेदारका कारण निणायार्थ प्रस्तुत गर्न नसकेको जिकिर गर्नुभयो। "गैरआवासीय नेपालीका माग स्वभाविक छन्, मैले त्यसलाई समर्थन गर्दै



आइरहेको छु", उहाँले भन्नुभयो।

गैरआवासीय नेपालीलाई नेपालको समृद्धिका लागि लगानी गर्न आह्वान गर्दै उहाँले लगानीको व्यवधान हटाइने प्रतिबद्धता व्यक्त गर्नुभयो। "गैरआवासीय नेपालीलाई नेपालमा लगानीका लागि सहज ढङ्गको वातावरण बनाइनेछ, लगानीको प्रक्रियालाई सरलीकृत गरिनेछ", पूर्वप्रधानमन्त्री ओलीले भन्नुभयो।

प्रवासी नेपालीलाई जहाँ भए पनि मतदानको व्यवस्था मिलाउन निर्वाचन आयोगले प्रयास गरिरहेको उल्लेख गर्दै उहाँले नेपाली जहाँ भए पनि मताधिकारको प्रयोग गर्न पाउनुपर्छ भन्नेमा आफू दृढ रहेको बताउनुभयो। उहाँले भूकम्प, नाकाबन्दी तथा कोरोना महामारीमा गैरआवासीय नेपालीले निर्वाह गरेको भूमिकाको प्रशंसा गर्नुभयो।

एमालेको नेता डा सूर्य पाठकले गैरआवासीय नेपालीलाई नागरिकता प्रदान, प्रवासी नेपालीलाई मताधिकारको प्रयोग, वैदेशिक रोजगारीमा रहेका नेपालीलाई सामाजिक सुरक्षाको प्रत्याभूति गराउने तथा पुस्तौँदेखि बर्मा,मलेसिया,थाइल्याण्डलगायत मुलुकमा रहेका नेपालीलाई पनि गैरआवासीय नेपालीले पाउने अधिकार दिलाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य उमेशजङ्ग रायमाझीले मुलुकको विकासका लागि गैरआवासीय नेपाली एकजुट हुनुपर्ने उल्लेख गर्दै गैरआवासीय नेपालीले उठाएको मुद्दामा आफ्नो पार्टीको समर्थन रहेको बताउनुभयो। सङ्घका संस्थापक अध्यक्ष डा उपेन्द्र महतोले मातृभूमिलाई समृद्ध बनाउने गैरआवासीय नेपालीले आआफ्नो क्षमता प्रदर्शन गर्दै आइरहेको बताउनुभयो। उहाँले सरकार र सबै राजनीतिक दलले विदेशमा रहेका नेपालीले नेपालमा लगानीका लागि उपयुक्त वातावरण सिर्जना गरिदिनुपर्ने बताउनुभयो।

सङ्घका अध्यक्ष डा बद्री केसीले गैरआवासीय नेपालीले विदेशमा नेपालको प्रतिनिधित्व गरिरहेको जनाउँदै अध्यादेश ल्याएर भए पनि गैरआवासीय नेपालीलाई तत्काल नागरिकता दिइनुपर्ने बताउनुभयो। सङ्घका अर्का अध्यक्ष कूल आचार्यले नेपालको समृद्धिका लागि गैरआवासीय नेपालीले सच्चा साझेदारीको पहल गरिरहेको बताउनुभयो। दुई दिनसम्म चलेको सो साधारणसभा बुधबार १० बुँदे काठमाडौँ घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ। सम्मेलनको प्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गर्नुभएको थियो। सम्मेलनमा विभिन्न विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो।

## दीपक मनाङ्गे निर्विरोध निर्वाचित

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ असोज**

सङ्घीयता कायम भएपछिको दोस्रो प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको प्रक्रियागत कार्यक्रम सञ्चालन भइरहेका छन्।

हिमाली जिल्ला मनाङबाट प्रदेशसभा सदस्यमा दीपक मनाङ्गे (राजीव गुरुङ) निर्विरोध निर्वाचित हुनुभएको



छ।

मनाङको प्रदेशसभा निर्वाचन क्षेत्र 'ख'बाट प्रदेशसभा सदस्यका स्वतन्त्र उम्मेदवार दोर्जे लामा गुरुङले बुधबार उम्मेदवारी फिर्ता लिएपछि मनाङ्गे निर्विरोध निर्वाचित हुनुभएको हो।

मनाङ्गे विसं २०७४ मा पनि स्वतन्त्र निर्वाचित प्रदेशसभा सदस्य हुनुभएको थियो। गुरुङ हाल गण्डकी प्रदेशको युवा तथा खेलकुदमन्त्री हुनुहुन्छ।

## निर्वाचनमा भाग लिन दर्ता भएका ८६ दलमध्ये ५७ मात्र प्रत्यक्षमा

**रासस**
**काठमाडौं, २६ असोज**

आगामी मङ्सिर ४ गने हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा भाग लिने प्रयोजनका लागि निर्वाचन आयोगमा ८६ दल दर्ता भए पनि ५७ दलले मात्र प्रत्यक्षतर्फ उम्मेदवारी दिएका छन्।

प्रतिनिधिसभातर्फ ५७ दलले उम्मेदवारी दिएको आयोगले जनाएको छ। प्रदेशसभातर्फ भने प्रत्येक प्रदेशमा प्रत्यक्षतर्फ उम्मेदवारी दिने दलको सङ्ख्या फरक छ। प्रदेश एकमा ३०, मधेशमा ३७, वाग्मतीमा ३२, गण्डकीमा २३, लुम्बिनीमा २५, कर्णालीमा १६ र सुदूरपश्चिममा २० दलले प्रदेशसभातर्फ प्रत्यक्षतर्फ उम्मेद्वारी दिएका छन्। आयोगमा दर्ता भएका दलको सङ्ख्या भने एक सय १६ रहेको सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिनुभयो। दर्ता भएका सबै दलले आगामी निर्वाचनमा भाग नलिने पनि उहाँले बताउनुभयो। विसं २०७४ को निर्वाचनमा प्रत्यक्षतर्फ ५५ दलले भाग लिएका थिए। प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि आगामी मङ्सिर ३ गते १८ वर्ष पूरा हुनेले मतदान गर्न पाउनेछन्। त्यसका लागि मतदातासँग परिचय पत्र हुन आवश्यक छ। आगामी मङ्सिर ३ गतेसम्म १८ वर्ष पूरा हुनेसमेत एक करोड ७९ लाख ८८ हजार पाँच सय ७० जनाले मतदान गर्न पाउने आयोगले जनाएको छ। जसमा ९१ लाख ४० हजार आठ सय ६ पुरुष, ८८ लाख ४७ हजार पाँच सय ७९ महिला र एक सय ८५ अन्य मतदाता रहेका छन्।

## पोखरा महानगरद्वारा विजेता खेलाडीलाई पुरस्कार घोषणा

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ असोज**

नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको मुख्य आयोजनास्थल रहेको पोखरा महानगरपालिकाले प्रतियोगितामा पदक विजेता खेलाडीलाई नगद पुरस्कार घोषणा गरेको छ।

राष्ट्रिय खेलकुदमा सहभागी भएर पदक जित्ने महानगरका खेलाडीलाई नगदसहित सम्मान गरिने महानगरले जनाएको छ। महानगर प्रमुख धनराज आचार्यका अनुसार व्यक्तिगत विधातर्फ स्वर्ण, रजत र कास्यपदक विजेता खेलाडीलाई क्रमश : रु १५ हजार, रु १० हजार र रु पाँच हजार नगद सहितसम्मान पत्र प्रदान गरिने निर्णय भएको छ। उहाँका अनुसार कुनै पनि टिम खेलतर्फ विजेतालाई नगद रु पाँच/पाँच हजार दरले पुरस्कार प्रदान गरेर खेलाडीलाई प्रोत्साहित गरिनेछ। महानगरबाट राष्ट्रिय खेलकुदमा प्रतिस्पर्धा गर्ने खेलाडीलाई आज शुभकामना व्यक्त गर्दै महानगर प्रमुख आचार्यले महानगरवासीलाई एकताबद्ध भएर खेलाडीलाई हौसला बढाउन आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "नवौं राष्ट्रिय खेलकुद हाम्रो सामु छ। प्रतियोगिता सफल बनाउनेसँगै पदक जितेर पोखरा र गण्डकीको सान बढाउन सबैमा आग्रह गर्न चाहन्छौँ।" पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेवी गुरुङले खेलाडीलाई जीतको शुभकामना दिँदै गण्डकी प्रदेशको राजधानी पोखरा आइपुगेको नवौं राष्ट्रिय प्रतियोगिताको ट्रफी प्रतियोगिता जितेर यहीँ राख्ने गरी मिहनेत गर्न आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "हाम्रा लागि ठूलो अवसर अहिले प्राप्त भएको छ, नवौं राष्ट्रियको ट्रफी हामीले नगर परिक्रममा गरी स्वागत गरेका छौं। अब प्रतियोगिता जितेर ट्रफी हाम्रो प्रदेशमा राख्ने गरी खेलाडीले प्रदर्शन गर्न सफल हुनुहोला।" पोखरा महानगर खेलकुद विकास समितिका अध्यक्ष दीपकबहादुर गोदारले राष्ट्रिय खेलकुदमा महानगरका २०० खेलाडीले गण्डकी प्रदेशबाट ३२ खेलमा प्रतिस्पर्धा गर्ने जानकारी दिनुभयो।

गण्डकी प्रदेशका आठ जिल्लामा नवौँ राष्ट्रिय खेलकुदका ३६ खेल सञ्चालन हुनेछन्। प्रतियोगिता औपचारिकरुपमा यही असोज २८ देखि कात्तिक ३ गतेसम्म सञ्चालन हुने भए पनि केही खेल असोज २३ देखि पोखरामा जारी छन्। प्रतियोगिताको उद्घाटन र समापन पोखरा रङ्गशालामा हुनेछ।

## कांग्रेसका बागी उम्मेदवार पाँच वर्षका लागि निष्काशित

**रासस**
**काठमाडौं, २६ असोज**

नेपाली कांग्रेसले आगामी मङ्सिर ४ गते हुन गइरहेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा पार्टी र गठबन्धनका आधिकारिक उम्मेदवारविरुद्ध उम्मेदवारी दिई तोकिएको समयभित्र फिर्ता नलिने बागी उम्मेदवार र निजका प्रस्तावक तथा समर्थकलाई पाँच वर्षका लागि पार्टीबाट निष्काशित गरेको छ।

कांग्रेसले सत्तारुढ गठबन्धन दल र मधेस प्रदेशमा लोकतान्त्रिक समाजवादी पार्टीबीच भएको सहमतिअनुरुप कांग्रेसका आधिकारिक उम्मेदवार, सत्तारुढ गठबन्धन दल र मधेस प्रदेशमा लोकतान्त्रिक समाजवादीपार्टीका आधिकारिक उम्मेदवारविरुद्ध उम्मेदवारी दिने बागी उम्मेदवारलाई पार्टी विधानबमोजिम कारवाही गरेको हो। कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले बुधबार विज्ञप्ति जारी गरी तोकिएको मिति र समयभित्र आफ्नो उम्मेदवारी फिर्ता नलिएका बागी उम्मेदवार र निजको प्रस्तावक र समर्थकलाई कांग्रेसको विधानअनुसार पार्टीको सदस्यसमेत नरहने गरी पाँच वर्षका लागि निष्काशन गरिएको जानकारी गराउनुभएको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१–५७०६५१

## अग्रजले देखेका सपना पुरा गर्नु सच्चा सम्मान–उम्मेदवार भट्टराई

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ असोज**

नेकपा एमाले केन्द्रीय सदस्य एवम् कास्की निर्वाचन क्षेत्र नं. २ का प्रतिनिधि सभा सदस्यका उम्मेदवार विद्या भट्टराईले अग्रजले देखेका सपना पुरा गर्न सके मात्र उहाँहरुप्रति सच्चा सम्मान हुने बताउनु भएको छ।

नेकपा एमाले पोखरा १७ द्धारा मुस्ताङचोकमा बुधबार आयोजित प्रजातान्त्रिक आन्दोलनका योद्धा स्वर्गीय चित्र बहादुर गुरुङको ३२ औं स्मृति सभामा बोल्दै उहाँले मुलुकको प्रत्येक परिवर्तनमा अग्रजको अतुलनिय योगदान रहेको स्पष्ट पार्नुभयो। मुलुकको प्रजातान्त्रिक आन्दोलनसंगै नेपालमा कम्युनिष्ट पार्टीको स्थापनामा



समेत महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने गुरुङले राष्ट्र निर्माण देखाएको सपना पुरा गर्न सवै एकतावद्ध भएर लाग्नुको विकल्प नभएकोमा उहाँको जोड थियो। नेकपा एमाले केन्द्रीय सदस्य तथा निर्वाचन क्षेत्र २ (क) का प्रदेश सभा सदस्यका उम्मेदवार भिम कार्कीले पार्टी नीति, विचार र सिद्धान्तका आधारमा सञ्चालन हुने विश्वास व्यक्त गर्नुभयो।

अधिवक्ता तिलक पराजुलीले स्व. चित्रबहादुर गुरुङ मुलुकमा परिवर्तनका लागि रोजगारी सिर्जना गर्दै विकास निर्माणमा जुट्न प्रेरित गर्ने अभियान्ता भएको स्मरण गर्नुभयो। त्यस अघि पार्टीका नेता तथा कार्यकर्ता, जनप्रतिनिधि, नेकपा एमालको तर्फबाट प्रदेश सभा निर्वाचन क्षेत्र २ (ख) का उम्मेदवार मिना गुरुङ, गठवन्धनका निर्वाचन क्षेत्र नं. २ (क) का उम्मेदवार विश्वप्रकाश लामिछाने, स्व.गुरुङका परिवारजन, लगायत उपस्थित सर्वसाधारणले गुरुङको अर्धकदको शालिकमा माल्यार्पण गर्दै श्रद्धासुमन अर्पण गर्नुभएको थियो। पार्टी वडा कमिटि १७ अध्यक्ष ऋषव तिमिलाको अध्यक्षतामा भएको कार्यक्रममा सचिव विक्रम गुरुङ लगायतले स्व. गुरुङले राजनैतिक एवम् विकास निर्माण पुर्‍याउनु भएको योगदानका वारेमा चर्चा गर्नुभएको थियो।

# ओलम्पिक टर्च लुम्बिनी लगिने

पोखरापत्र संवाददाता
पोखरा, २६ असोज

गण्डकी प्रदेशमा आयोजना हुने नवौं राष्ट्रिय खेलकुदको उद्घाटनमा प्रज्वलन गरिने ओलम्पिक फ्लेम (ओलम्पिक टर्च) बुधबार लुम्बिनी लगिने भएको छ।

उ म ` श मास्केको संयोजकत्वमा रहेको ओलम्पियन टोलीले ओलम्पिक टर्च काठमाडौंबाट लुम्बिनी पुऱ्याएर नवौं राष्ट्रिय खेलकुदको आयोजना स्थल गण्डकी प्रदेशको राजधानी पोखरा ल्याईने भएको हो।

ओलम्पिक टर्च लाने मास्के संयोजक रहेको टोलीमा मुकुन्दहरी श्रेष्ठ, रामबहादुर गिरी, अर्जुन पण्डित, राजकुमारी पाण्डे र भगवती केसी रहेका



छन्। नेपाल ओलम्पिक कमिटी (एनओसी)का महासचिव निलेन्द्रराज श्रेष्ठले टोलीलाई बुधबार त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) मुख्यालयबाट ओलम्पिक टर्च हस्तान्तरण गरेर विदाई गरे। सो अवसरमा कीर्तिमानी धावक ओलम्पियन बैकुण्ठ मानन्धर, पुष्पराज ओझा लगायतको उपस्थिति थियो।

लुम्बिनी विकास कोषको सहकार्यमा बिहीबार विहान लुम्बिनीको शान्तिदीप अगाडि ओलम्पिक टर्चका साथ कार्यक्रम गरिने नेपाल ओलम्पियन संघका महासचिव राजेन्द्र भण्डारीले जानकारी दिए। ओलम्पियन्स संघले ओलम्पिक टर्चका लागि ओलम्पियनहरुको सिफारिस राखेपलाई गरेको हो।

ओलम्पियन टोलीले ल्याएको उक्त टर्च पोखरामा टिकाबहादुर बोगटीसहितको अर्को ५ सदस्यीय गण्डकीका ओलम्पियन टोलीलाई हस्तान्तर गरिनेछ। उद्घाटनका दिन शुक्रबार सोही टोली र अन्य ओलम्पियन टोलीले ओलम्पिक टर्चलाई पोखरा रंगशालामा परिक्रमा गराएर गण्डकीका जेष्ठ ओलम्पियन सातौं दक्षिण एसियाली खेलकुदका म्याराथनका स्वर्ण पदक विजेता बोगटीले ओलम्पिक फ्लेम प्रज्वलन गर्ने जनाइएको छ।

# प्रदेश १ माथि फराकिलो जितसंगै पुलिस शिर्षस्थानमा

पोखरापत्र संवाददाता
पोखरा, २६ असोज

पोखरामा जारी नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत महिला क्रिकेटमा बुधबार नेपाल पुलिस क्लव र लुम्बिनी प्रदेश विजयी भएका छन्।

जितसंगै पुलिस क्लव समुहको शिर्षस्थानमा पुगेको छ। समुहमा सम्पन्न दुई खेलमध्य पुलिसले दुवैमा जित हाँसिल गर्दै ४ अंक जोडेको छ। बुधबारको खेलमा पुलिसले प्रदेश १ माथि १ सय १८ रनको फराकिलो जित निकाल्यो। पहिला व्याटिङ गरेको पुलिसले २० ओभरमा १ सय ५८ रनको योगफल तयार पार्दा प्लेयर अफ द म्यान समेत चुनिएकी सम्झना खड्का काले प्रतियोगिताकै पहिलो अर्धशतक हानिन्। ४३ बलको सामना गरेकी सम्झनाले १० चौका प्रहार गर्दै ६० रन जोडेकी हुन्। पुलिसको तर्फबाट कविता कुँवरले ३७, अप्सरी बेगमले २१ कप्तान रुविना क्षेत्रीले १६ रन बनाए। प्रदेश १ को वलिङमा निशा शाहले १ विकेट लिइन भने पुलिसका दुई खेलाडी रनआउट भएका थिए। जितका लागि १



सय ५९ रन पछ्याउने क्रममा पुरै २० ओभर खेलेको प्रदेश १ ले ८ विकेटको क्षतिमा ४० रन मात्रै बनाउन सक्यो। जसमा क्याप्टेन सनु राजबंशिले ११ रनको पारी खेलिन्। पुलिसको बलिङतर्फ हिरनामयी रोयले ३, सबनम राई, कविता कुँवर र कविता जोशिले समान एक एक विकेट लिए।

बुधबारको अर्को खेलमा लुम्बिनीले कर्णालीलाई १ सय ४ रनको फराकिलो अन्तरले पराजित गऱ्यो। पहिला व्याटिङ गरेको लुम्बिनीले पुरा २० ओभरमा ६ विकेटको नोक्सानीमा १ सय २७ रन बनायो। लुम्बिनीको व्याटिङमा लक्ष्मी चौधरीले ३ चौकाको मद्धतमा ३१, सरस्वती घर्ती मगरले ३० तथा सुस्मिता बजगाईले १२, मधु डिसीले १२ रन जोडिन्। कर्णालीको बलिङमा अन्जु गुरुङले २ र अन्जिला क्षेत्रीले १ विकेट लिइन्।

जितका लागि १ सय २८ रन पछ्याएको कर्णाली मात्रै २३ रनमा समेटियो। कर्णालीले ८.३ ओभरमै सबै विकेट गुमाउँदा किरण कुँवरको ५ रन सर्वाधिक बन्न पुग्यो। लम्बिनीको बलिङमा प्लेयर अफ द म्याच मधु डिसीले आफ्नों स्पेलमा ११ रन खर्चिएर ४ विकेट लिइन्। त्यस्तै, कृतिका मरासिनीले २ र सुस्मिता भुषालले १ विकेट लिइन्। जितसंगै लुम्बिनी ३ अंकका साथ दोश्रो स्थानमा रहेको छ। प्रतियोगिता अन्तर्गत बिहीबार नेपाल एपीएफ क्लव र गण्डकी प्रदेशविच पहिलो तथा मधेश प्रदेश र सुदुर पश्चिम प्रदेशविच दोश्रो खेल हुनेछ।

# स्थानीय तहका कार्यपालिका पदाधिकारीले आफू निर्वाचित भएको पालिकाभित्र प्रचारमा संलग्न हुन नपाउने

रासस
काठमाडौं, २६ असोज

स्थानीय तहमा निर्वाचित कार्यपालिकाका पदाधिकारीले आफू निर्वाचित भएको पालिकाभित्र कुनै पनि उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन नपाउने भएका छन्।

आगामी प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि जारी निर्वाचन आचारसंहिता, २०७९ मा ती पदाधिकारीले आफू निर्वाचित भएको स्थानीय तहबाहेकको स्थानमा कुनै उम्मेदवारको पक्षमा प्रचारप्रसार गर्न चाहेमा सरकारी साधन स्रोत (सवारी साधन, सुरक्षाकर्मी आदि)को प्रयोग नगरी मात्रै गर्न पाइने व्यवस्था छ।

आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले बुधबार जारी गर्नुभएको विज्ञप्तिमा आचारसंहिताविपरीत आफू बहाल रहेको स्थानीय तहमा कुनै उम्मेदवारका पक्षमा प्रचारप्रसार कार्यमा संलग्न भएको भन्ने उजुरी आएको तथा आयोगको अनुगमनबाट समेत देखिएकाले स्पष्टीकरण सोधी कारबाही गर्न जिल्ला अनुगमन समितिलाई निर्देशन दिइएको जनाउनुभएको छ। आयोगले स्थानीय तहको कार्यपालिकाका पदाधिकारीले निर्वाचन आचारसंहिताविपरीत कार्य गरेको पाइएमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ बमोजिम निजलाई कारवाही गर्न स्पष्टीकरण सोधी तत्काल कारवाहीको प्रक्रिया अघि बढाउन जिल्ला आचारसंहिता अनुगमन समितिका अधिकृत (कोष तथा लेखा नियन्त्रक कार्यलयका प्रमुख)लाई निर्देशन दिएको हो।

साथै सोको सम्पूर्ण विवरण तत्काल जिल्ला आचारसंहिता अनुगमम समिति र आयोगमा पठाउने र कारवाही प्रक्रिया अघि बढाउन आवश्यकताअनुसार जिल्ला आचारसंहिता अनुगमन समिति तथा निर्वाचन कार्यलयले आवश्यक सहजीकरण र सहयोग गर्न भनिएको छ।

स्थानीय तहको कार्यपालिकाका पदाधिकारीले निर्वाचन आचारसंहिताविपरीत कार्य गरेको पाइएमा निर्वाचन आयोग ऐन, २०७३ को दफा ७ बमोजिम आवश्यक सूचना तथा सहयोग उपलब्ध गराउन सम्बन्धित स्थानीय तहको कार्यालय तथा प्रमुख प्रशासकीय अधिकृतलाई पनि आयोगले निर्देशन दिएको हो।

# हिउँमा पुरिएर ४५ खच्चड मरे

पोखरापत्र संवाददाता
म्याग्दी, २६ असोज

म्याग्दीस्थित धौलागिरि हिमालको आधार शिविरमा हिउँले पुरिएर ४५ घोडाखच्चड मरेका छन्। विश्वको सातौं (आठ हजार एक सय ६७) मिटर अग्लो धौलागिरि हिमाल म्याग्दीको धवलागिरि गाउँपालिका-४ मा पर्छ।

आरोही र पर्यटकका सामग्री ढुवानी गर्न खच्चड लिएर आधार शिविरमा पुगेका मुस्ताङको घरपझोङ गाउँपालिका-२ मार्फाका नौजनाको उद्धार भएको छ। थमसेर्कु ट्रेकिङ कम्पनीले सामान ढुवानी गर्न लगेका १७ र साङ्ग्रिला ट्रेकिङ कम्पनीको सामान लिन गएका २८ खच्चड मरेका हुन्। मुस्ताङको घरपझोङ गाउँपालिका-२ मार्फाका माइकल परियार, किरन परियार, सन्तोष तामाङ र धनराम तामाङलाई हेलिकप्टरले मङ्गलबार ताकममा ल्याएर छाडेको छ। बुद्धि, प्रकाश, कुमार, वीरबहादुर र सुकलाल परियारलाई धौलागिरि आधार शिविरबाट उद्धार गरेर ताकममा ल्याइएको उद्धार गरिएका खच्चड माइकल परियारले बताउनुभयो। "असोज १७ गते मार्फाबाट हिँडेर आधार शिवरमा पुगेर आरोहीका सामान लिएर फर्कने क्रममा बर्सात र हिमपात भएपछि हिउँमा फसेर सम्पर्कविहीन भयौँ", उहाँले भन्नुभयो, "हामी पनि चार दिन ठाटीमा भोकै बस्यौँ। खान नपाएर र चिसोले गर्दा खच्चड मरेका हुन्।" चारजना पर्यटक पथप्रदर्शकलाई अल्टिच्युड एयरको हेलिकप्टरले उद्धार गरेर पोखरा लगेको छ। उद्धारमा समन्वय गरेका म्याग्दीका पर्यटन व्यवसायी इन्द्रसिंह शेरचनले लगातारको झरी, हिमपात र प्रतिकूल मौसमका कारण उद्धारमा ढिलाइ भएको बताउनुभयो।

# फेन्सिङको टिम इभेण्टमा बागमतीलाई दुई र आर्मीलाई एक स्वर्ण

पोखरापत्र संवाददाता
पोखरा, २६ असोज

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत बिहीबार फेन्सिङको पुरुष टिम फोयलमा बागमतीले नेपाली सेनालाई पन्छाउँदै स्वर्ण पदक जितेको हो।

बागमतीको यो फेन्सिङ तेस्रो स्वर्ण पदक समेत हो। पोखरा रंगशालास्थित व्याडमिन्टन कोर्टमा भएको फाईनल प्रतिस्पर्धामा नेपाली सेनाले रजत पदकमा चित्त बुझाउँदा सुदुर पश्चिम र प्रदेश नं १ ले कास्य पदक प्राप्त गरेका छन्।

महिला ईपी टिम इभेण्टको स्वर्ण नेपाली सेनाले जितेको छ। सेनाले सशसस्त्र प्रहरी बलका खेलाडीलाई पन्छाउँदै स्वर्ण जिते। सशस्त्रले रजत पदकमा चित्त



बुझाउँदा प्रदेश १ र सुदुर पश्चिमले कास्य पदक जिते। महिला सेबर टिम इभेन्ट प्रतिस्पर्धामा बागमतीले स्वर्ण, नेपाली सेनाले रजत र सशस्त्र प्रहरी तथा प्रदेश १ ले कास्य पदक जिते। फेन्सिङको अंक तालिका अनुसार बागमती प्रदेश शिर्ष स्थानमा उक्लेको छ। बागमतीले ४ स्वर्ण, एक रजत सहित ५ पदक प्राप्त गरेको छ। त्यसै गरी आर्मीले ३ स्वर्ण, ५ रजत र ६ कास्य सहित १४ पदक प्राप्त गरेको छ।

शसस्त्र प्रहरी १ स्वर्ण, ३ रजत र ६ कास्य सहित १० पदका साथ तेस्रो स्थानमा छ। सुदुरपश्चिम प्रदेश १ स्वर्ण २ कास्य सहित ३ पदक जितेको छ। त्यसै गरी प्रदेश १ ३ कास्य सहित पाँचौ स्थानमा रहेको छ। त्यसै गरी गण्डकी प्रदेश १ कास्य पदक प्राप्त गरेको छ।

# शिक्षकलाई शिपमुलक तालिम

पोखरापत्र संवाददाता
स्याङ्जा, २६ असोज

अर्जुनचौपारी गाउपालिका ५ आरुचौरमा विद्यालयका शिक्षक शिक्षिकालाई आधारभुत शैक्षिक तालिम प्रदान गर्न शुरु गरिएको छ। मंगलबारबाट सर्वोदय माविमा शुरु भएको तालिममा वडाभरीका ८ वटा विद्यालयका शिक्षक शिक्षिकको सहभागिता रहेको छ। 'ग्रामिण परिवर्तनका लागि हाम्रो पहल' नामक संस्थाले शिक्षक शिक्षिकलाई शिपमुलक शैक्षिक तालिम प्रदान गरेको हो। तालिमको उद्घाटन 'ग्रामिण परिवर्तनका लागि हाम्रो पहल' नामक संस्थाका सदस्य तथा कार्यक्रम संयोजक गिता शर्माले गरेकी थिइन्। शर्माले बालवालिकालाई व्यवहारीक ज्ञान दिन शिक्षक शिक्षिकाहरुलाई सजिलो होस भन्ने हेतुले आयोजना गरेको बताईन्। ग्रामिण क्षेत्रका बालवालिकालाई अध्यापन गर्न सहज बनाउने हाम्रो उदेश्य हो उनले भनिन्,'जसले धेरै विद्यार्थी यसबाट लाभान्वित हुनेछन्।' मण्टेश्वरीबेसमा आधार रित तालिमले शिशु कक्षामा पढ्ने विद्यार्थी भाईबैनीलाई सहज हुने विबश्वास हाम्रो हो उनले भनिन्।

वडा अध्यक्ष बद्री पौडेलको अध्यक्षतामा उद्घाटन गरिएको तालिमको संचालन विबद्यालयका शिक्षक रामकृष्ण पौडेलले गरेका थिए। विद्यालयका प्रधानाध्यापक इश्वरी चापागाँईले यस्ता व्यवहारिक तालिमले शिक्षक शिक्षिकलाई पढाउन निकै मदत् गर्ने बताए। यस्ता तालिमको निरन्तरताको अपेक्षा प्रधानाध्यापक चापागाँईले गरे। साविक आरुचौरबाट काठमाण्डौ बसोबास गर्ने र विभिन्न पेशामा आवद्ध रहेका व्याक्तिहरुबाट स्थापना गरिएको संस्थाले विभिन्न समाजिक काम गर्दै गर्दै आएको छ। विपद्, शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका सामाजिक कार्यमा बेला बेलामा काम गर्दै आएको संस्थाका अध्यक्ष बेदप्रसाद लामिछानेले बताए। ५ दिनसम्म संचालन हुने तालिमको रुपन्देही स्थित कालिका मावि बुटबलका शिक्षिका रितु रानाले सहजीकरण गर्ने छिन्।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# वागीलाई परम्रागत कार्वाही

हरेक पटकको निर्वाचनमा पार्टीका आधिकारिक उमेदवार विरुद्ध उमेदवार बन्नेलाई कार्वाही घोषणा हुन्छ । टिकट दिंदा ईमान्दार, सक्षम र क्रियाशील भन्दा नेताले पत्याउन सक्ने खुबी भएकालाई दिंदा विद्रोही हुने गर्दछन । पार्टीमा थिति र विधि देखाउन हुने गर्दछ।नेताले जे चाहेको छ त्यस अनुरुप नचल्ने कार्वाहीमा पर्दछन।देशका प्रमुख दलहरु नेकपा एमाले, नेपाली कांग्रेस, माओवादी केन्द्रले विद्रोही उमेदवारलाई कार्वाही गर्न थालेका छन ।

नेपाली कांग्रेसले प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा सत्ता गठबन्धनका उम्मेदवारविरुद्ध बागी उम्मेदवारी दिने नेता कार्यकर्तालाई निस्कासन गर्ने निर्णय गरेको छ। कांग्रेसले बागी उम्मेदवार बनेका र तिनका प्रस्तावक तथा समर्थकलाई पनि पार्टीबाट ५ वर्ष निष्कासन गर्ने निर्णय गरेको छ। कांग्रेसले नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चासँग देशव्यापी गठबन्धन गरेको छ । कतिपय ठाउँमा गठबन्धनप्रति असन्तुष्ट कांग्रेस नेताले बागी उम्मेदवारी दिएका छन् । धेरै ठाउँमा काङ्गेसको वागी उमेदवार खडा भएका छन।गठबन्धनका अन्य दलले काङ्गेसको सहयोग विना चुनाव जित्न निकै मेहनत गर्नुपर्छ ।

कांग्रेस केन्द्रीय कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेलले बुधवार विज्ञप्ति जारी गरी सत्तारुढ गठबन्धनको आधिकारिक उम्मेदवारविरुद्ध बागी उम्मेदवारी दिएका नेता, तिनका प्रस्तावक र समर्थकलाई ५ वर्ष निष्कासन गरेको जानकारी दिएका छन् । अघिल्लो निर्वाचनमा विद्रोही बनेका र जितेकालाई पार्टीले स्वीकार गरेको थियो । पहुँच भएकाले उन्मुक्ति पाउने नहुनुले कार्वाही भोग्नुपर्ने मत्स्य न्याय काङ्गेसमा छ ।

निर्वाचन आयोगले उम्मेदवारी फिर्ता लिन दिएको समयभित्र उम्मेदवारी फिर्ता नलिएका नेताहरूले कांग्रेसले निष्कासन गर्ने निर्णय गरेको विज्ञप्तिमा जनाइएको छ । काङ्गेसको जस्तै माओवादी केन्द्रले पाँच वर्षका लागि कार्वाही गरेको छैन । स्थानीय तहको निर्वाचनमा वागी उमेदवार बनेर जितेकालाई पार्टीमा स्वागत गरिसकेको हुँदा अहिले गरिने कार्वाही तत्कालका लागि गठबन्धनका दललाई देखाउन मात्र हो ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : मानसिक तनाब |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# कालीगण्डकीमा ९६ मेगावाट विद्युत् उत्पादन

**पोखरापत्र संवाददाता**
**वालिङ, २६ असोज**

स्याङ्जाको कालीगण्डकी गाउँपालिका ७ मिर्मीस्थित कालीगण्डकी 'ए' जलविद्युत् परियोजनाले दैनिक ९६ मेगावाट विद्युत् उत्पादन गर्दै आएको छ ।

दसैं तिहारको चाडवाडका समयमा उद्योग धन्दा तथा कलकारखाना पूरै नचल्ने र उत्पादित विद्युत् खपत नहुने भएकाले यही समयमा मर्मतकार्य गरिएको कालीगण्डकी 'ए' जलविद्युत् परियोजना मिर्मीका प्रमुख पशुपतिराज गौतमले जानकारी दिनुभयो ।

"समय-समयमा मेसिन मर्मत गर्नुपर्ने/फेर्नुपर्ने हुन्छ" उहाँले भन्नुभयो, "अन्य बेलामा मर्मत गर्दा विद्युत् अभाव समस्या हुने भएकाले अहिले खपत नहुने समयमा मर्मत गर्दा उपभोक्ता तथा उद्योग, कलकारखानालाई सहज हुने गरि चाडवाडको मौकामा मर्मत गरेका हौं" दसैं बिदामा पाँच दिनसम्म उत्पादन पूरै बन्द गरेर मर्मत गरिएको उहाँले जानकारी दिनुभयो । दुईवटा टर्वाइनको मर्मत सकिएको र बाँकी रहेको एउटा टर्वाइनसहित अन्य मर्मत कार्य तिहारपछिसम्म चल्ने उहाँले बताउनुभयो ।

कालीगण्डकी नदीमा पानीको सतह बढेकाले अहिले बाँधमा रहेका सबै ढोका खुल्ला गरिएको छ । "दुई वटा टर्वाइन चलाउन ९४ मिटर क्यूब प्रतिसेकेण्ड पानी आवश्यक पर्छ" उहाँले भन्नुभयो, "अहिले नदीमा पानीको बहाव एक हजार दुई सय मिटर क्यूब प्रतिसेकेण्ड रहेको छ ।" नदीको पानीको बहाव बढी रहेकाले कात्तिकको अन्तिम सातातिर मात्र ढोका बन्द गरिने उहाँले बताउनुभयो ।

बाँध थुनेसँगै नदीमा सात किलोमिटर लामो जलाशय बन्ने र सोही जलाशयमा स्टिमर सेवा सञ्चालन हुँदै आएको छ । वर्षाका कारण अहिले रोकिएको जलयातायात सेवा नदीमा पानीको सतह घट्नासाथै पुनः सुरु हुन्छ । स्याङ्जाको मिर्मी (आँधीमुहान) देखि स्याङ्जा, पर्वत र गुल्मीको सङ्गलमस्थलमा स्थित धार्मिक एवं पर्यटकीयस्थल सेतीवेणी शीलासम्म जलयातायात सञ्चालन हुँदै आएको छ । आँधीमुहानदेखि सेतीवेणी शीलासम्म जलयातायात मार्फत पुग्न झण्डै ३० मिनेट लाग्दछ ।

# निर्वाचनका कारण शाहको पेसी स्थगित

**पोखरापत्र संवाददाता**
**दमौली, २६ असोज**

नाबालिग जबर्जस्ती करणीको अभियोगमा तनहुँ कारागारमा रहेका नायक पल शाह विरुद्धको सुनुवाइ तेस्रो पटक स्थगित भएको छ ।

तनहुँ अदालतमा बुधबारका लागि तोकिएको पेसी स्थगित भएको हो । आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको तयारीका कारण शाहविरुद्धको सुनुवाई स्थगित भएको तनहुँ अदालतका इजलास अधिकृत कृष्ण गौतमले जानकारी दिनुभयो । यसअघि शाहविरुद्धको सुनुवाइ भदौ १५ गते असोज २ गतेका लागि तोकिएको थियो । जिल्ला सरकारी वकिल कार्यालयका न्यायाधिवक्ताको पत्रका कारण आजको सुनुवाई स्थगित भएको हो । जिल्ला न्यायाधीश दलबहादुर केसी मुख्य निर्वाचन अधिकृत र जिल्ला न्यायाधिवक्ता गोविन्द उपाध्याय निर्वाचन अधिकृतका रूपमा खटिनुभएको छ । निर्वाचनका कारण जिल्ला न्यायाधिवक्ताको पत्रका कारण फौजदारीतर्फका आजका सबै मुद्दाको सुनुवाइ स्थगित भएको तनहुँ अदालत बार एसोसिएसनका अध्यक्ष भानुभक्त सुवेदीले जानकारी दिनुभयो ।

# बैंकले व्याज बढाउँदा धरासायी बन्दै व्यवसाय

**रासस**
**चितवन, २६ असोज**

बैंकले व्याजदर बढाउँदा जिल्लामा रहेका व्यावसायिक क्षेत्र धरासायी बन्दै गएका छन् । कोभिडका कारण थलिएका व्यावसायिक क्षेत्र अहिले बैंकका कारण पलायन हुने अवस्थामा पुगेको व्यवसायी बताउँछन् ।

दुई वर्षअघि कम्तीमा सात प्रतिशतदेखि बढीमा १२ प्रतिशतसम्म व्यावसायिक क्षेत्रको व्याजदर रहेकामा अहिले यो बढेर १२ देखि १७ प्रतिशतसम्म पुगेको छ । यसले गर्दा व्यवसायी पलायन हुने अवस्थामा पुगेको पर्यटन व्यवसायी सुमन घिमिरेले बताउनुभयो । क्षेत्रीय होटल सङ्घ सौराहाका पूर्वध्यक्षसमेत रहनुभएका घिमिरे बैंकले व्याज बढाउँदा त्यो हिसाबले व्यवसाय गर्नसक्ने अवस्था नरहेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "व्यापार गरेर कमाएर व्याज तिर्नसक्ने अवस्था अहिले छैन ।" व्यावसायिकरुपमा हेर्दा पर्यटन क्षेत्रमा बैंकले बढाएको व्याज दर सान्दर्भिक नभएको उहाँको भनाइ छ । राज्यले यस विषयमा नसोच्ने हो भने बैंकबाट ऋण लिएर व्यवसाय गर्न कठिन हुने अवस्था आएको उहाँले बताउनुभयो । सरकारले लगानीमा सहुलियत दिनुपर्ने उहाँको भनाइ छ । उहाँले थप्नुभयो, "अहिले जिल्लामा रहेको पर्यटन व्यवसाय धरासाही हुने अवस्थामा छ ।" जिल्लामा पर्यटन व्यवसायमा रु १५ अर्बभन्दा बढी लगानी भएको उहाँले बताउनुभयो ।

तीन वर्ष यता जिल्लाका सबै व्यवसाय धरासायी बन्दै गएको उद्योग वाणिज्य सङ्घ चितवनका पूर्वध्यक्ष एवं पोल्ट्री व्यवसायी तिलचन्द्र भट्टराईले बताउनुभयो । कोभिड सुरु भएदेखियताको समय व्यावसायिक क्षेत्र नराम्रोसँग गिजोलिएको उहाँको भनाइ छ । पोल्ट्री क्षेत्रमा चितवन र नवलपुरमा मात्रै बैंकिङ क्षेत्रको लगानी रु १० देखि १२ अर्ब रहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "बैंकिङ क्षेत्रले व्याजदर वृद्धि गर्दा ८० प्रतिशत पोल्ट्री व्यवसायी बन्द हुने अवस्थामा पुगेको छ ।" पोल्ट्रीको राजधानीका रुपमा चिनिएको चितवनमा अहिले कतिपय व्यवसायीले जग्गा बिक्री गरेर बैंकको ऋण तिर्न बाध्य भएको उहाँले जानकारी दिनुभयो । राज्यकोतर्फबाट बैंक व्याजदर घटाउन पहल नहुने वा सहुलियतामा व्याज नदीने हो भने पोल्ट्री व्यवसाय मात्रै नभएर अन्य व्यवसायी पनि पलायन हुने अवस्था आउने भट्टराईले बताउनुभयो ।

# म्याग्दीमा हुने महिला भलिबल र तेक्वान्दोको तयारी पुरा

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २६ असोज**

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तरगत म्याग्दीको सदरमुकाम बेनीमा हुने महिला भलिबल र तेक्वान्दोको तयारी पुरा भएको छ ।

जिल्ला खेलकुद विकास समितिले खेलमैदान निर्माण, मर्मत, खेलाडीको आवास र अभ्यास स्थलको व्यवस्थापन गर्दै तयारी पुरा गरेको हो । समितिका अध्यक्ष दिनेश केसीले स्थानीय तह र जिल्ला भलिवलको संघको सहयोगमा बेनीको खुल्ला मञ्च खेलमैदानमा दुई वटा भलिबलको कोर्ट निर्माण र जिल्ला खेलकुद विकासको कर्वड हलमा तेक्वान्दोको पुर्वाधार तयार गरिएको जानकारी दिनुभएको छ । महिला भलिबलमा सात प्रदेशसहित नेपाली सेना, शसस्त्र र नेपाल प्रहरीका खेलाडीहरू बेनीमा आइसकेका जिल्ला भलिबल संघ म्याग्दीका अध्यक्ष तेजेन्द्र बानियाले बताए । महिला भलिवल अन्तरगत बेनीमा आएका खेलाडीहरु अभ्यासमा ब्यस्त छन् । प्रतियोगितामा खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई होटल व्यवसायी संघको समन्वयमा खेलाडीलाई राख्ने होटल व्यवस्थापन गरिएको छ । बेनी नगरपालिकाको ७ र ८ नम्बर वडा कार्यालयले अतिथि सत्कार, सरसफाई, झाँकी प्रदर्शनीका लागि ब्यानर र तोरण टाकेर सिगारिएको छ ।

२७ गते हुने उद्घाटनमा खेलाडीसहित जिल्लाको पहिचान झल्कने झाँकी प्रर्दशन गरिने छ ।

# नवौं राष्ट्रिय खेलकुद: नेपाली सेना १२ पदकसहित शीर्ष स्थानमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ असोज**

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गतका केही खेल यही असोज २३ देखि पोखरामा सञ्चालन भइरहेका छन् ।

राष्ट्रिय खेलकुद औपचारिकरूपमा असोज २८ देखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेशका आठ जिल्लामा हुँदैछ । समय र पूर्वाधार अभावका कारण केही खेल प्रतियोगिता उद्घाटनअगावै सुरु भएका हुन् । पुरुष क्रिकेट प्रतियोगिता यसअघि नै काठमाडौंमा सम्पन्न भइसकेको छ । पोखरामा नवौंअन्तर्गत अहिले महिला क्रिकेट, फेन्सिङ र महिला तथा पुरुष ह्याण्डबल खेल जारी छन् । हालसम्म सात स्वर्णसहित २७ पदकको छिनोफानो भएको छ । फेन्सिङमा छ स्वर्णसहित २४ पदकको टुङ्गो लागेको छ । नेपाली सेना हालसम्म पदक तालिकामा शीर्ष स्थानमा रहन सफल भएको छ । आर्मीले दुई स्वर्ण, चार रजत र छ कास्य गरी १२ पदक प्राप्त गरेको छ। लुम्बिनी प्रदेशमा तीन वर्षअघि सम्पन्न आठौं राष्ट्रियमा विभागीय टोली नेपाली सेनाको त्रिभुवन आर्मी क्लब च्याम्पियन बनेको थियो । आर्मीकी रमाकुमारी सिंह र इन्द्र पौडेलले फेन्सिङमा स्वर्ण प्राप्त गरेका छन् । यसैगरी बागमती प्रदेश दुई स्वर्ण र एक कास्यसहित तालिकाको द्वितीय स्थानमा छ। बागमतीका ओमकार सिंह र शिक्षा नापितले फेन्सिङमा स्वर्ण जिते । सशस्त्र प्रहरीको एपिएफ क्लब एक स्वर्ण, दुई रजत र पाँच कास्यसहित तेस्रो स्थानमा छ। एपिएफका राजेन्द्र गजुरेलले फेन्सिङमा स्वर्ण जिते ।

सुदूरपश्चिम प्रदेशका जलेन्द्रबहादुर शाहीले फेन्सिङमा स्वर्ण जितेका छन् । सुदूरपश्चिमले एक स्वर्ण र एक कास्य जितेको छ । नेपाल प्रहरीको पुलिस क्लबले पुरुष क्रिकेटमा स्वर्ण जितेको छ । आयोजक गण्डकी प्रदेशले हालसम्म एक कास्य पदक प्राप्त गरेको छ । कर्णाली, लुम्बिनी, मधेस, प्रदेश नं १ र एनआरएन हालसम्म पदकविहिन अवस्थामा छन् ।

राष्ट्रिय खेलकुदमा तीन सय ९२ स्वर्ण, तीन सय ९२ रजत र छ सय कास्य गरी एक हजार तीन सय ८४ पदकका लागि सात प्रदेश, तीन विभागीय टोली र एनआएरएनको टोलीबीच प्रतिस्पर्धा हुँदैछ ।

# निरन्तरको वर्षाले पर्वतमा धान उत्पादन घट्ने

**पोखरापत्र संवाददाता**
**पर्वत, २६ असोज**

बेमौसमको लगातारको वर्षाका कारण पर्वतमा यस वर्ष धान उत्पादनमा कमी आउने भएको छ । वार्षिक झन्डै २७ हजार मेट्रिक टन धान उत्पादन हुने गरेकामा वर्षाको प्रभावले यस वर्ष केही कम हुन सक्ने अनुमान गरिएको कृषि ज्ञान केन्द्र पर्वतकी प्रमुख मनिता थापाले बताउनुभयो ।

असारको सुरुआततमै रोपिएको धानमा बाला लागिसकेको भए पनि वर्षाको अभावले ढिला गरी रोपिएको ठाउँमा धानको फूल लाग्ने बेला वर्षाले असर गर्ने उहाँको भनाइ छ। भारी वर्षा हुँदा धानमा लागेको फूल झर्दा परागसेचन हुन नपाउने तथा बाला लागिसकेको धान ढलेर पानीमा डुबेको अवस्थामा बाला कुहिने भएकाले औसतभन्दा कम धान उत्पादन हुन सक्ने अनुमान गरिएको हो । उहाँका अनुसार विश्वमा करिब तीन चौथाइभन्दा बढी फूल फुल्ने बिरुवालाई परागसेचनको आवश्यकता पर्दछ । करिब ७५ प्रतिशतभन्दा बढी फूलहरूको परागसेचन कुनै न कुनै जीवजन्तु वा कीराहरूले गर्ने गर्दछन् । जिल्लाका कतिपय कृषकहरूले वर्षासँगैको हावाहुरीले धान ढलाएको बताएका छन् । वर्षा भइरहेको बेलामा सामान्य हावासमेत चलेका कारण डाँडामा रहेको खेतमा लगाइएको धान ढलेको कृषकको भनाइ छ।

पसाइसकेको धान ढलेको भएमा त्यसको बाला कुहिने भएकाले धान उत्पादनमा कमी आउन सक्ने कार्यालय प्रमुख थापाको भनाइ छ । "ठाडो अवस्थामा रहेको र फूल खेल्ने बेलाको धानको फूल झर्दा परागसेचनको अभावले उत्पादनमा कमी आउँछ । पसाइसकेको धान भएमा ढलेको धानको बाला पानीमा डुब्दा बोटमा नै बाला कुहिन्छ", उहाँले भन्नुभयो, "कतिपय कृषकहरूले वर्षाका कारण धानमा प्रभाव परेको छ । दसैंको बेला पनि भएकाले सबै विवरणहरू आइसकेका छैनन् ।"

कृषि विकास निर्देशनालय गण्डकी प्रदेशका निर्देशक वासुदेव रेग्मीका अनुसार ११ जिल्ला रहेको गण्डकीका नौ धान उत्पादन हुने गरेको छ । मुस्ताङ र मनाङमा भने धान खेती हुने गरेको छैन । सबै जिल्लामा गरेर यस वर्ष कूल एक लाख तीन सय हेक्टरभन्दा बढी क्षेत्रफलमा धान खेती लगाइएको अनुमान छ । देशभर नै एकनासले वर्षा भएका कारण सबै जिल्लाको धान खेती वर्षाका कारण प्रभावित भएको उहाँले बताउनुभयो ।

निर्देशक रेग्मीका अनुसार गण्डकीमा सावित्री, राम धान, च्याम्पियन, मकवानपुर, आपझुत्ते, मानिसरा, मनसुली, अनदी, कालो मसिनो, यु.एस, महाराजा, होलसी, बहुबुडी, हर्दिनाथ, जेठो बुढो, पहेँले, गुर्दी, एक्ले, खुमल, गौरिया, झिनुवा, बिरमफूल, पोखरेली जेठो बुढो, गुर्जा, लुम्ले, माछापुच्छ्रे, जर्नेली, सुगन्ध, हाइब्रिडलगायत जातका धान लगाउने गरिएको छ।

# नार्पाभूमिका बिरामी परेका पर्यटकको उद्धार

**पोखरापत्र संवाददाता**
**मनाङ, २६ असोज**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले हिमाली जिल्ला मनाङको नार्पाभूमि गाउँपालिकाअन्तर्गत हिम्लुङ हिमाल आधार शिविरमा बिरामी परेका हिमाल आरोहीको उद्धारमा सहयोग गर्नुभएको छ ।

नेता पौडेलको पहलमा बिरामी पर्नुभएका कृष्ण थापामगर, हरि बुढामगर र नन्द बुढामगरको उद्धार गर्नुभएको हिमालय फिटनेस एण्ड वेलननेस सेन्टर काठमाडौंका निर्देशक सूर्य गेलाङ मगरले जानकारी दिनुभयो । आरोही बिरामी परेपछि वरिष्ठ नेतालाई खबर गरेको उहाँले प्रधानमन्त्री, गृह र रक्षामन्त्रीलाई समन्वय गरी तत्काल बिरामी पर्यटकको उद्धार गरिएको मगरले बताउनुभयो । नेपाली सेनाका पूर्वप्रधानसेनापति राजेन्द्र क्षत्रीसमेत तत्काल उद्धार कार्यका लागि मद्दत गरेको उहाँले जानकारी दिनुभयो । हिम्लुङ हिमाल आधार शिविर समुन्द्री सतहदेखि चार हजार ६०० मिटर उचाइमा अवस्था छ । हिम्लुङ हिमाल आधार शिविरलाई 'करी कप्लर बेस क्याम' वा 'नयाँ आधार शिविर' समेत भनिन्छ ।

केही साता अगाडि हिमाल आरोहरण गर्न पुगेको ३० जनामध्ये तीन जना गम्भीर बिरामी भएकाले नेपाली सेनाको हेलिकप्टरमार्फत आज काठमाडौं पुऱ्याइएको मगरले बताउनुभयो । बिरामी अलपत्र परेको खबर प्राप्त हुनासाथ उद्धारका लागि सम्बन्धित निकायमा टेलिफोन गरेको वरिष्ठ नेता पौडेलले बताउनुभयो ।

# पोखरामा खेलकुदको 'कुम्भमेला'को तयारी पूरा

रासस
काठमाडौं, २६ असोज

नवौँ राष्ट्रिय बृहत् खेलकुद प्रतियोगिता सञ्चालनका लागि व्यवस्थापनलगायत आवश्यक सम्पूर्ण तयारी पूरा भएको छ । मुलुककै पर्यटकीय सुन्दर नगरी पोखरामा यही असोज २८ देखि कात्तिक ३ गतेसम्म आयोजना हुने खेलकुदको कुम्भमेलाका लागि व्यवस्थापनलगायत सम्पूर्ण तयारी पूरा भएको छ ।

युवा तथा खेलकुद मन्त्रालयका सचिव सूर्यप्रसाद गौतमका अनुसार उपराष्ट्रपति नन्दबहादुर पुनले पोखरा रङ्गशालामा आयोजित विशेष समारोहमा उक्त प्रतियोगिता उद्घाटन गर्नुहुनेछ । प्रतियोगिता आगामी शुक्रबार उद्घाटन हुने भएतापनि पुरुष क्रिकेट प्रतियोगिता यसअघि नै सम्पन्न भइसकेको छ। यस्तै महिला क्रिकेट, ह्यान्डबल फेन्सिङलगायतका केही खेल पनि सुरु भइसकेका छन् । प्रतियोगिता समापन समारोहमा प्रधानमन्त्री शेरबहादुर देउवा प्रमुख अतिथिका रूपमा सहभागी हुनुहुनेछ । खेलकुदप्रति चासो राख्ने सबैको ध्यान अहिले पोखरा र त्यस वरपरका जिल्लामा सञ्चालन हुने प्रतियोगितामा केन्द्रित भएको छ । गण्डकी प्रदेशका लमजुङ, मनाङ र मुस्ताङबाहेकका जिल्लामा सञ्चालन हुने प्रतियोगितामा ३६ खेल विधा समेटिएको छन् । प्रतियोगिता सञ्चालन र व्यवस्थापनका लागि पोखरामै सचिवालय खडा भइसकेको सचिव गौतमले जानकारी दिनुभयो । विसं २०४० मा दोस्रो राष्ट्रिय खेलकुद गरेको पोखराले चार दशकपछि पुनः प्रतियोगिता सञ्चालन गर्न लागेको हो । नेपालको खेलकुदको कुम्भमेलाका रूपमा रहिआएको यस प्रतियोगितामा करिब आठ हजार खेलाडीसहित अफिसियल, प्रशिक्षक सहभागी हुनेछन् । प्रत्येक दुई वर्षमा आयोजना हुनुपर्ने यो प्रतियोगिता कोरोना सङ्क्रमणले केही समय ढिला भएको हो । प्रतियोगितामा केही खेलविधा तनहुँ, स्याङ्जा, पर्वत, गोरखा, नवलपुर, म्याग्दी र बाग्लुङमा सञ्चालन हुनेछन् । आजसम्म सबै खेलाडी तोकिएको खेलस्थल पुग्ने कार्यक्रम छ । प्रतियोगितामा सात प्रदेश, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी गरी तीन विभागीय र गैरआवासीय नेपाली सङ्घ (एनआरएन) टिमले स्वर्ण तीन सय ९३, रजत तीन सय ९३ र कास्य छ सय पदकाका लागि प्रतिस्पर्धा गर्नेछन् । खेलकुद समाजका सबै जातजाति र समुदायलाई एकीकृत र समावेशी प्रतिनिधित्व गराउने सशक्त विधा हो । प्रतियोगितामा एथलेटिक्स, क्रिकेट, ब्याडमिन्टन, फुटबल, टेनिस, बक्सिङ, भलिबल, जिमन्यास्टिक, ह्याण्डबल, सफ्टटेनिस, सेपाताक्रो, स्क्वास, उसु, जुडो, 'फुलकन्ट्याक्ट' कराते, पौडी, हक्की, भारत्तोलन, गल्फ, साइक्लिङ, ट्रायथलन प्याराग्लाइडिङ, आर्चरी, फेन्सिङ, कबड्डी, आइटिएफ तेक्वान्दो, बास्केटबल, कराते, बुद्धिचाल र कुस्तीलगायत केही प्रदर्शनी खेलविधा समेटिएको छ । प्रतियोगितामा तीन हजार छ सय ८५ महिलासहित सात हजार सात सय ९० खेलाडीले विभिन्न खेलमा प्रतिस्पर्धा गर्नेछन् ।

प्रतियोगिता आयोजक समितिका सदस्यसचिव फणिन्द्र पौडेलका अनुसार प्रत्येक टोलीबाट कम्तीमा तीन सय ३५ महिला खेलाडीको समेत सहभागिता रहनेछ । प्रतियोगिताका लागि खेलाडी प्रशिक्षण र तयारीका लागि केन्द्रीय सरकारले प्रत्येक प्रदेशलाई रु ४९ लाख रकम उपलब्ध गराएको थियो । प्रतियोगिताको मुख्य आकर्षणका रूपमा यसपटक रु १० लाखको लागतमा 'रनिङ ट्रफी' तयार गरिएको छ । प्रतियोगिता गर्न सङ्घीय सरकारले रु ६० करोड बजेट निकासा गरेको थियो । प्रदेश सरकारबाट पनि प्राथमिकताकासाथ रकम विनियोजन गरिएको छ।

प्रतियोगिता ऐतिहासिक र भव्यरूपमा सम्पन्न गर्न १३ विभिन्न विषयगत समिति गठन गरी सहभागिता, समन्वय र सहजीकरणको काम भइरहेको छ। विगतमा सङ्घीय संरचनाको ढाँचामा हुँदै आएको प्रतियोगिता पहिलोपटक यसपटक प्रादेशिक संरचनामा हुन लागेको हो । प्रतियोगिताबाट नयाँ राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलाडीको पहिचान र छनोट हुने अपेक्षा गरिएको छ।

# हक्की प्रतियोगिता लागि मैदान अझै तयार भएन

पोखरापत्र संवाददाता
पोखरा, २६ असोज



नवौ राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत बिहीबारदेखि हक्की प्रतियोगिता सुरु हुदैछ तर मैदान भने अझै तयार भएको छैन । पुरुष तर्फको हेम्जाको गौरिशंकर खेल मैदानमा तथा महिला तर्फको गण्डकी बोर्डिङ स्कुलमा आयोजना गरिदै छ।

पर्याप्त भौतिक व्यवस्थापन नहुँदा प्रतियोगिताहरु जति नजिकिदै छन् त्यति नै आयोजकलाई प्रतियोगिताको भौतिक व्यवस्थापन गर्न हम्मे हम्मे परेको छ । बिहीबारदेखि औपचारिक सुरुवात हुन लागेको हक्कीप्रतियोगिताको लागि बुधबार बल्ल हेम्जाको गौरिशंकर खेल मैदानका घाँस काट्नुका साथै मैदान व्यवस्थापन गर्ने लगाएतका काम गरिएको नेपाल हक्की संघको केन्द्रिय उपाध्यक्ष हिमाल खड्काले बताएका छन् । आज पनि राति अवेर सम्म मैदानको घाँस काटिने र बाँकी भोली विहानैबाट काटिने तथा मैदान मार्किङ लगाएतका कार्य हुने उपाध्यक्ष खड्काले बताए । हतार हतारमा व्यवस्थापन गरिएका यस्ता खालका पुर्वाधारहरुमा खेलाडीहरुलाई चोटपटकको चुनौति रहेको उनले गुनासो गरे । "समयमा खेल मैदान व्यवस्थापन तर्फ सम्बन्धित निकायले ध्यान दिएन", उनले भने, "मैदानमा अहिले भर्खर काटिएका घाँसका ठुटाहरु र ससाना ढुंगाका टुक्राहरु जताततै छन्,खेलाडीहरुलाई कसरी खेलाउने ?" स्थानिय निकाय, खेल व्यवस्थापक लगाएत सम्बन्धित निकाय विच समन्वय नभएकोले यस पटकको राष्ट्रिय प्रतियोगिता दयनिय भौतिक अवस्थामा गराउन लाग्दा दुख लागेको उनले बताए। उनले भौतिक पुर्वाधार पर्याप्त नहुदा हक्की प्रतियोगिता प्रदेश बाहिर लैजादा राम्रो सन्देश नजाने भएकोले चुनौतिका बावजुत पनि कास्कीमै गराउन लागेको बताए । यता राष्ट्रिय खेलकुद परिषद सदस्य राजेश गुरुङले छोटो समयमा सवै खेलको भौतिक व्यवस्थापन गर्दै गर्दा कुनै प्रतियोगिताहरु अभाव र चुनौतिका बावजुत सञ्चालन गर्न लागिएको स्विकार गरेका छन् । गण्डकी प्रदेश आयोजक रहेको नवौ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि केन्द्रबाट नै समयमा बजेट प्राप्त नभएकोले समयमा प्रतियागिताका लागि पुर्वाधारहरु व्यवस्थापन गर्न आयोजक चुकेको बताए । "प्रतियोगिताको लागि भौतिक व्यवस्थापनका लागि बजेट प्राप्त भएको छैन, मौखिक रुपमा मात्रै बजेटको कुरा भएको छ," सदस्य गुरुङले भने,"बजेट नभएकोले हामी यस विषयमा चुकेका छौ ।" खेल स्थल छनौट व्यवस्थापन हतारमा भएपनि प्रतियोगिता सफल बनाउनको लागि आयोजकका विभिन्न निकाय लागि परेको उनले बताए। बिहीबारबाट हक्कीमा पुरुष तर्फ नौ टिम र महिला तर्फ ७ टिमले प्रतिस्पर्धा गर्दै छन् । प्रतियोगिताको असोज २८ गते औपचारिक रुपमा उद्घघटन हुने भनिएपनि प्रतियोगिता अन्तर्गतका केहि खेलहरु भने सुरु भैसकेका छन् ।

# बागलुङमा बढ्यो चुनावी सरगर्मी : उम्मेदवारका आ–आफ्नै दाबी

पोखरापत्र संवाददाता
बागलुङ, २६ असोज

आसन्न प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचनका लागि बागलुङमा चुनावी सरगर्मी बढेको छ । आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि बागलुङमा गठबन्धन र दलका तर्फबाट उम्मेदवारी दर्तासँगै आफ्ना चुनावी एजेन्डा र धारणा सार्वजनिक गर्ने काम सुरु भएको छ।

बागलुङको दुई प्रतिनिधिसभा र चार प्रदेशसभा क्षेत्रमा हुने निर्वाचनका लागि विभिन्न दल तथा स्वतन्त्र उम्मेदवारहरू गरी ३६ जनाले उम्मेदवारी दर्ता गरेर प्रचारप्रसारमा जुट्न थालेका छन् । बागलुङमा राष्ट्रिय जनमोर्चाका केन्द्रीय अध्यक्ष चित्रबहादुर केसीदेखि शिक्षा विज्ञान तथा प्रविधिमन्त्रीसमेत चुनावी मैदानमा उत्रनुभएको छ । बागलुङ क्षेत्र नं १ को प्रतिनिधिसभा सदस्यका लागि राष्ट्रिय जनमोर्चाका केन्द्रीय अध्यक्ष चित्रबहादुर केसी चुनावी मैदानमा हुनुहुन्छ । उहाँसँग निवर्तमान सङ्घीय सांसद नेकपा एमालेका केन्द्रीय सदस्य डा सूर्य पाठक प्रतिस्पर्धामा उत्रनुभएको छ । पाठक विसं २०७४ को निर्वाचनमा तत्कालीन बाम गठबन्धनका तर्फबाट निर्वाचित हुनुभएको हो । यस पटक भने उहाँ सत्तारुढ गठबन्धका उम्मेदवार चित्रबहादुर केसीसँग प्रतिस्पर्धामा हुनुहुन्छ । उहाँले आफू जिल्लाका युवा बर्गको प्रतिनिधि रहेको बताउनुहुन्छ।

बागलुङ क्षेत्र नं १ प्रतिनिधिसभा सदस्यका उम्मेदवार राष्ट्रिय जनमोर्चाका नेता चित्रबहादुर केसीले प्रतिगमनलाई परास्त गर्न आफू मैदानमा उत्रेको बताउँदै बागलुङको विकासमा आफूले सदैव काम गरिरहेको बताउनुभयो । उहाँले २०५९ सालअघि आफू कांग्रेसकै कडा विरोधी भएको बताउँदै अहिलेको प्रतिगमनलाई सधैँका लागि सिध्याउन पाँच दलीय गठबन्धमा आएको बताउनुभयो। मङ्गलबार गठबन्धबाट उम्मेदवार बनेका चित्रबहादुर केसीसहित बागलुङ क्षेत्र नं १ प्रदेशसभा (क) का उम्मेदवार दीपेन्द्रबहादुर थापा र बागलुङ क्षेत्र नं १ प्रदेशसभा (ख) का उम्मेदवार युवानेता डिल्लीराम सुवेदीले पत्रकार सम्मेलनमार्फत आफ्ना चुनावी एजेन्डा सार्वजनिक गरेका थिए । बागलुङ क्षेत्र नं १ को प्रतिनिधिसभा सदस्यमा एमालेका तर्फबाट डा सूर्य पाठक, बागलुङ क्षेत्र नं १ प्रदेशसभा (क) का उम्मेदवार हिराबहादुर केसी र बागलुङ क्षेत्र नं १ प्रदेशसभा (ख) का उम्मेदवार नवराज पौडेल चुनावी मैदानमा उत्रनुभएको छ । उता बागलुङ क्षेत्र नं २ को प्रतिनिधिसभा सदस्यका लागि गठबन्धनबाट वर्तमान शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेल र नेकपा एमालेबाट मञ्जु क्षेत्री चुनावी मैदानमा उत्रनुभएको छ। शिक्षामन्त्री पौडेलले विसं २०७४ को निर्वाचनमा बाम गठबन्धबाट विजयी हुनुभएको थियो। उहाँले आफूले शिक्षामन्त्री हुँदा शिक्षामा धेरै सुधार गरेको र यस पटकसमेत आफूले निर्वाचन जित्नेमा ढुक्क रहेको बताउनुभयो।

मनोनयन दर्तापछि क्षेत्र नं २ का विभिन्न स्थानमा आयोजना गरेको चुनावी कार्यक्रममा शिक्षामन्त्री पौडेलले शिक्षा क्षेत्रमा आफूले गरेका उल्लेख्य कामका आधारमा जनताले यसपकटसमेत आफूलाई मतदान गर्ने बताउनुभयो । यस्तै माओवादी केन्द्र परित्याग गरी नेकपा एमालेको समर्थनमा प्रकाश घर्तीले बागलुङ क्षेत्र नं २ प्रदेश सभा (क) मा उम्मेदवारी दर्ता गरेपछि बागलुङ पश्चिमको चुनावसमेत चर्चामा छ। घर्तीको प्रतिस्पर्धामा नेपाली कांग्रेसका जिल्ला सभापति जीत शेरचनले उम्मेदवारी दिनुभएको छ।

बागलुङ क्षेत्र नं २ प्रदेशसभा (ख)का जित शेरचनलाई बागलुङ क्षेत्र नं २ प्रदेशसभा (क) मा उम्मेदवार बनाइएको छ। बागलुङ क्षेत्र नं २ प्रदेशसभा (ख)मा नेपाली कांग्रेसका युवानेता द्रोण कुँवर र नेकपा एमालेका युवानेता लक्ष्मण पुनबीच प्रतिस्पर्धा हुँदैछ । यस्तै राष्ट्रिय स्वतन्त्र पार्टी तथा विभिन्न साना दल तथा स्वतन्त्र उम्मेदवारहरूसमेत चुनावी माहोल बनाउन व्यस्त देखिन्छन्।

# तनहुँमा महिला उम्मेदवार चार प्रतिशत

पोखरापत्र संवाददाता
तनहुँ, २६ असोज

आगामी मङ्सिर ४ गते प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचनमा तनहुँमा कूल उम्मेदवारमध्ये चार प्रतिशत महिलाले मात्र उम्मेदवारी दर्ता गराएका छन् ।

तेत्तीस प्रतिशत महिलाको नाममा वकालत गर्ने मुख्य राजनीतिक दलले नै महिला उम्मेदवारीका लागि उपेक्षा भाव राखेको पाइएको छ।

संविधानमा उल्लेख गरेअनुरुप महिला उम्मेदवारका लागि कुनै पनि राजनीतिक दलले स्थान दिएको नपाइएको जिल्ला निर्वाचन कार्यालय तनहुँका प्रमुख हरिप्रसाद ढकालले जानकारी दिनुभयो।

प्रतिनिधिसभा सदस्यमा २६ र प्रदेशसभा सदस्यमा ३६ गरी कूल ६२ उम्मेदवारले उम्मेदवारी दर्ता गरेकामा प्रदेशसभामा दुई र प्रतिनिधिसभामा एक महिलाले उम्मेदवारी दिएका छन् ।

प्रतिशतका हिसाबले निर्वाचनमा करिब चार प्रतिशत महिलाको सहभागिता देखिएको जिल्ला निर्वाचन अधिकृत ढकालले बताउनुभयो । उहाँका अनुसार कूल ६२ उम्मेदवारमा कम्तीमा २० महिलाको उम्मेदवारी हुनुपर्ने थियो ।


## फेदीखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## फेदीखोला, गण्डकी, प्रदेश,नेपाल

## बढाबढ सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको पुन: प्रकाशित सूचना

**दोश्रो पटक सूचना प्रकाशित मिति २०७९/०६/२७**

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (२) घ (२) र सोही दफाको उपदफा (२) घ (११) अनुसार यस गाउँपालिकाको आ.व. २०७९/८० को लागी निम्न शिर्षकहरुमा कर, सेवा शुल्क, दस्तुर तथा आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) गर्ने प्रयोजनको लागि यो सूचना पुनः प्रकाशित गरिएको छ। तोकिएको न्युनतम अंकमा नघट्ने गरि तपसिलमा उल्लेखित ठेक्का नं. अनुसार छुट्टाछुट्टै दरभाउपत्र फाराम खरिद गरि रितपूर्वक शिलवन्दी दरभाउपत्र पेश गर्न यो १५ दिने सूचना पुनः प्रकाशित गरिएको छ । मिति २०७९/०७/१४ गतेको कार्यालय समयभित्र ईच्छुक दरभाउपत्रदाताले आवश्यक कागजात सहित निवेदन दिइ तोकिएको दरभाउपत्र दस्तुर तिरी दरभाउपत्र खरिद गर्न सक्नेछन् । मिति २०७९/०७/१५ गतेको मध्यान्ह १२:०० बजेभित्र ईच्छुक दरभाउपत्रदाताले आवश्यक कागजात संलग्न राखी दरभाउपत्र दाखिला गर्न सक्नेछन् । यस सम्बन्धमा तोकिएका शर्तहरु लगायत थप जानकारी प्राप्त गर्न ईच्छुक दरभाउपत्रदाताले यस कार्यालयको** Website: www.phedikholamun.gov.np **हेर्नुहुन वा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन सूचित गरिन्छ।**

**तपसिल**

| क्र. सं. | सूचना नं. ०४/०७९/८०/ पी.आर.एम.को ठेक्का नं. | कार्यको नाम | आ.ब.२०७९/८० को लागी न्युनतम अंक रु. (मु.अ.क.सहित) | दरभाउपत्र फारम दस्तुर | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| (क) सडक उपयोग, संरक्षण तथा मर्मत सम्भार शुल्क (स्थानीय पूर्वाधार सेवा र शुल्क) उठाउने कार्य : | | | | | | |
| १ | PRM-RT-SQ-17-079-80 | कुभिण्डे मट्टिखान नुवाकोट पौवैगौंडे सडक | १,४०,०००/- | १०००/- | बोलपत्रदाताले आँफुले कबोल गरेको अंकको कम्तीमा ५ प्रतिशतले हुने रकम धरौटी वापत राख्नुपर्नेछ। | |
| २ | PRM-RT-SQ-18-079-80 | खड्केटारी वाँगे पञ्चासे दोबिल्ला सडक | ४,००,०००/- | १०००/- | | |
| ३ | PRM-RT-SQ-19-079-80 | फेदीखोला मिरुडाँडा कालाभैरव नुवाकोट सडक | २५,०००/- | १०००/- | | |
| ४ | PRM-RT-SQ-20-079-80 | कुभिण्डे डाँडागाउँ नुवाकोट सडक | २०,०००/- | १०००/- | | |
| ५ | PRM-RT-SQ-21-079-80 | सर्केटारी दामगाडे रामकोट नुवाकोट सडक | २०,०००/- | १०००/- | | |
| ६ | PRM-RT-SQ-22-079-80 | पर्सेभाटी टोड्के सडक | २०,०००/- | १०००/- | | |
| ७ | PRM-RT-SQ-23-079-80 | सर्केटारी गलेम पञ्चासे सडक | १,७१,०००/- | १०००/- | | |
| ८ | PRM-RT-SQ-24-079-80 | कुखुरेखोला चनौटे भाटखोला र फेदीखोला स्थानचौर चनौटे पुलको मुख सडक समेत | ३४,०००/- | १०००/- | | |
| ९ | PRM-RT-SQ-25-079-80 | फेदीखोला कर्मीडाँडा मट्टिखान सडक | २०,०००/- | १०००/- | | |